अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।१२ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी धनिक लाल ठाकुरसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको_निवेदन दर्ता गरिएको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट जिल्ला धनुषा, विदेह नगरपालिका, वडा नं. २ स्थित श्री शंकर माध्यमिक विद्यालय दुहवी, गोवराहीका प्रधानाध्यापक धनिक लाल ठाकुरसमेतका प्रतिवादीहरू उपर सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. ८,६२,१५२/६५ (आठ लाख बैसठ्ठी हजार एकसय बाउन्न रूपैयाँ पैंसठ्ठी पैसा) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८३।०२।२६ को फैसलाबाट सफाई दिएकोले उक्त फैसलाउपर चित्त नबुझी मिति २०८३।०७।१२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने

सि.नं.	प्रतिवादी	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	**प्रतिवादी धनिक लाल ठाकुर** र , स्व.अरुण कुमार कुसियैतको हकमा निजको श्रीमती **कुमारी सरिता देवी कुशियैत** प्रतिवादीहरु भएको, विशेष अदालत काठमाडौंमा मुद्दा विशेष अदालत मुद्दा नं. ०८२-CR-००५७ विशेष अदालत फैसला मितिः२०८३।०२।२६	सार्वजनिक सम्पत्तिको हानीनोक्सानी दुरुपयोग गरी गराई भ्रष्टाचार गरेको	प्रस्तुत मुद्दामा देहाय बमोजिमका प्रतिवादीहरु उपर सजायको मागदाबी लिइएको तथा सोको सम्बन्धमा सम्मानित बिशेष अदालतबाट निम्नानुसारको फैसला भएको अवस्था विद्यमान छः प्रतिवादी प्रध्यानाध्यापक धनिक लाल ठाकुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को देहाय (घ) बमोजिम कैद र सोही दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम बिगो रु.८,६२,१५२.६५।- (अक्षरेपि आठ लाख बासाठी हजार एक सय बाउन्न रूपैंया पैसाठी पैसा मात्र) असुल उपर हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ। प्रतिवादी अरुण कुमार कुशियैतको मिति २०८१/०२/०८ मा मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रवाट देखिदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम बिगो रु.८,६२,१५२.६५।- (अक्षरेपि आठ लाख बासाठी हजार एक सय बाउन्न रूपैंया पैसाठी पैसा मात्र) निजको	<u>फैसलाः</u> प्रस्तुत मुद्दामा कूल प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ । **<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>** (**क**) ICT Lab सम्वन्धी सामानहरु सम्वन्धित विद्यालयमा नै मौजुदा रहेको भन्ने देखिएको। (**ख**) उक्त सामानहरु बिग्रने तथा मर्मत सम्भार हुने प्रकृतिको रहेको। (**ग**) कतिपय अवस्थामा सो सामानहरु मर्मतका लागि अन्यत्र लानु पर्ने अवस्थालाई अन्यथा भन्न मिल्ने देखिदैन	जिल्ला धनुषा, विदेह नगरपालिका वडा नं.०२ स्थित श्री शंकर मा.वि. दुहवी, गोवराहीमा आ.व.२०७८/०७९ मा ICT Lab स्थापनामा तथा आ.व. २०७९/०८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयमा IT Lab स्थापना तथा Digital Library सुदृढीकरण कार्यक्रम अन्तर्गत विदेह नगरपालिका र श्री शंकर जनता माध्यमिक विद्यालय, दुहवी, गोबराही विच मिति २०७९।०३।३० सम्ममा कार्यसम्पन्न गर्नुपर्ने गरी मिति २०७८।११।१५ गते सम्झौता भएको देखिन्छ।आ.व २०७८।०७९ मा विदेह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय धनुषाबाट राष्ट्रपति शैक्षिक सुधार ICT (कम्प्युटर) खरिद शिर्षकमा रु ६,५०,०००-(अक्षरूपी छ लाख पचास हजार रूपैंया मात्र) र २०७९।०८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रु ६,५०,०००।- (अक्षरूपी छ लाख पचास हजार रूपैंया मात्र)– गरी जम्मा रकम रु १३,००,०००।-(अक्षरूपी तेर्ह लाख रूपैंया मात्र) निकास भएको देखिन्छ। शंकर जनता माध्यामिक विद्यालय दुवही गोबराही विदेह न.पा.-२ धनुषाले आ.व.२०७६।०७७ मा विदेह नगरपालिकावाट ICT lab का लागि प्राप्त रू ६,५०,०००।-वाट कम्प्यूटर ६ थान (i७- एक थान , i३- एक थान, i५- एक थान, Desktop- दुई थान), Projector-एक थान, Screen- एक थान र Printer scanner- एक थान खरिद गरिएको तथ्य श्री शंकर जनता माध्यामिक विद्यालयको च.न.८५ मिति २०७८/११/२३ को पत्रवाट विदेह नगरपालिका धनुषालाई जानकारी गराएको देखिएतापनि सामाग्री विद्यालयमा रहे भएको देखिदैन। साथै विद्यालयको जिन्सी खाता अभिलेख समेत देखिदैन। उक्त रकम विद्यालयको खातावाट उक्त आर्थिक वर्षमा खर्च भएको जनिएको देखिन्छ। उक्त आ.व.२०७६/०७७ मा ICT ल्याब व्यवस्थापन शीर्षकमा विदेह नगरपालिका वाट प्राप्त रु.६,५०,०००।-(छ लाख पचास हजार रूपैंया मात्र) वाट ICT ल्याब सम्बन्धी सामाग्रीहरू खरिद नगरी, विदेह नगरपालिकालाई ICT ल्याब सम्बन्धी सामाग्रीहरू खरिद गरिएको भनी झुट्टा प्रतिवेदन पेश गरेको हो तथ्य धनिक लाल ठाकुरले अनुसन्धानको क्रममा गरेको बयान समेतवाट पुष्टि भएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास, महोत्तरीको मिति २०८१।१२।२७ को सरजमिन मुचुल्का अनुसार ICT को सामाग्रीहरुको खरिद गरिएकोमा विद्यालयमा School Software र Stand फेला नपरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यलय वर्दिवासबाट मिति २०८२ जेष्ठ ०५ गते स्थलगत अनुगमन/निरीक्षण तथा चेकजाँच गर्दा विद्यालयमा desk

			श्रीमती कुमारी सरिता देवी कुशियैत असुल उपर हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ। **विशेष अदालत काठमाडौंबाट** प्रतिवादीहरु धनिक लाल ठाकुर र स्व. अरुण कुमार कुशियैतको हकमा निजको श्रीमती कुमारी सरिता देवी कुशियैतले आरोप दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ।		top computer / Laptop विद्यालयमा मौजुदा रहेको तर संचालनमा रहेको नदेखिएको AVR system रहेको साथै Stand विद्यालयमा रहेको नदेखिएको भन्ने प्रतिवेदन पेश भएको देखिन्छ। प्रतिवादी धनिक लाल ठाकुरले अनुसन्धानको क्रममा बयान गर्दा आ.व.२०७८/०७९ मा विदेह न.पा. बाट ICT सामग्री खरिद गर्न रु. ६,५०,०००/- (अक्षेरेपी छ लाख पचास हजार रुपैयाँ मात्र) विनियोजन भएकोमा म एक शिक्षक भएको नाताले खरिद प्रक्रियाबारेमा जानकारी नभएको कारणले कुनै खरिद प्रक्रिया नअपनाई सोझै फोनमार्फत आपूर्तिकर्तालाई सम्पर्क गरी सोझै खरिद गरी सामाग्री आपूर्ति भएपश्चात विल बमोजिमको भुक्तानी दिएको हो। यस कार्यालयबाट प्रथम पटक उजुरी सम्बन्धमा पत्र प्राप्त भए पश्चात डर-त्रासले बिना प्रक्रिया खरिद गर्न नहुने ज्ञात भए पश्चात प्रक्रिया पुऱ्याएको देखाउन कोटेशन २०८२ सालको जेष्ठमा कोटेशन माग गरी माइन्युट समेत तयार गरी यस कार्यालयमा पेश गरेको। यस विद्यालय लाई आ.व.२०७६।०७७ मा ICT को लागि ६,५०,०००।–(अक्षरूपी छ लाख पचास हजार रूपैंया मात्र) विदेह नगरपालिका बाट प्राप्त भएको थियो तर समयमा खरिद गर्न सकिएन। उपरोक्त गलत प्रतिवेदन को विषयमा विदेह नगरपालिकाबाट अन्य विषयको निकासा नहुने सुचना पछाडी निकासा गराउने उदेश्यले गलत प्रतिवेदन पेश गरेको हुँ। विद्यालय कोषमा तत्काल कोषको अभाव रहेको अवधिमा उचित शिर्षकहरुमा खर्च गरेको हुँ भनी बयान गरेको देखिन्छ। विदेह नगरपालिकाका नि. प्रमुख प्रसाशकिय अधिकृतले प्र.अ.को मौखिक जानकारी बमोजिम प्रेषित पत्र लेखिन गएको भनी लेखाएको , मा.वि शिक्षक भाग्य नारायण ठाकुर, शिक्षक ओम प्रकाश ठाकुर, नगर शिक्षक श्रवण सहनी र शिक्षक असेश्वर कुमार मुखियाले School Software र Stand विद्यालयमा देखिएन भनी गरेको बयान, जय माँ तारा जेनरल अडर्र एण्ड सप्लायर्स, धनुषा, जनकपुरधाममा कार्यरत दिलीप कुमार गुप्ताले प्र.अ धनिक लाल ठाकुरले फोन सम्पर्क गरेर आउनु भएको थियो, सम्झौता वार्ता भई समाग्री खरिद गरेर लिनुभयो। २०७८/१२/२३ को समाग्री आपूर्ती लिएर जानु भएको थियो। २०८२ जेठ तिर कोटेशन माग गरेर लागेको हुन। कोटेशनमा भएको दस्तखत र छाप मेरो हो तर उल्लेख भएको विद्यालयको नाम र मिति मैले लेखेको छैन त्यसमा पछि थपेको हो। उक्त कर विजक मैले नै जारी गरेको हो र रकम भुक्तानी पाउँ वारे निवेदन देखि त्यसमा भएको दस्तखत र छाप मेरो हो उक्त निवेदन मिति र पत्र संख्या मैले लेखेको छैन हेर्दा पछि थपेको देखिन्छ भनी खुलाई लेखाएको देखिन्छ। महादेव एण्ड ब्रदर्श प्रा.लि., महोत्तरीका प्रोप्राईटर बलिराम सिंह कुशवाहाले गरेको कागज, तुल्सी सप्लायर्स जनकपुरधामका प्रोप्राईटर

					विजय कुमार झाले गरेको कागज, आदित्य कम्प्युटर मेन्टीनेन्स सेन्टर मिर्चैया नगरपालिका-०८, सिरहाका प्रोप्राईटर मनोज कुमार सर्मा वडहीले गरेको कागज समेतवाट प्रतिवादीहरु विरुद्धको आरोप दावी बमोजिमको कसूर पुष्टि भई रहेको देखिदा देखिँदै उक्त तथ्य एवं प्रमाणलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम सार्वजनिक निकायले कुनै पनि खरिदका लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (४) बमोजिम सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकवाट लिखित रूपमा दरभाउ पत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा ICT ल्याव सामाग्री खरिद गर्दा कुनै पनि प्रक्रिया पूरा नगरी बि.स. २०८२ साल जेष्ठ महिनामा प्रक्रिया पूरा गरेको देखाउन कोटेशन माग गरी माइन्युट समेत तयार गरेको देखिन्छ। साथै खरिद आदेश, दाखिला प्रतिवेदन, खर्च नहुने समानहरूको जिन्सी खाता लगायतका अभिलेख राखेको पनि देखिदैन। आ.व.२०७८/०७९ मा विदेह नगरपालिका बाट ICT सामग्री खरिद गर्न रु. ६,५०,०००।- (अक्षरेपि छ लाख पचास हजार रुपैयाँ मात्र) विनियोजन भएकोमा खरिद प्रक्रिया बारेमा जानकारी नभएको कारणले कुनै खरिद प्रक्रिया नअपनाई सोझै फोन मार्फत आपूर्तिकर्तालाई सम्पर्क गरी सामाग्री आपूर्ति भएपश्चात् विल बमोजिमको नगदै भुक्तानी दिएको र खरिद प्रक्रिया पुऱ्याएको देखाउन बि.स २०८२ सालको जेष्ठमा जय माँ तारा जेनरल अर्डर एण्ड सप्लायर्ससँग कोटेशन माग गरी माइन्युट समेत तयार गरेको देखिदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ICT ल्याव सामाग्री खरिद गर्दा कुनै पनि प्रक्रिया पूरा नगरेको, पछि प्रक्रिया पूरा गरेको देखाउन जानी बुझी नक्कली कोटेशन खडा गरेको/गर्न लगाएको, गैरकानूनी लाभ लिई त्यस्तो कार्यको श्रेस्ता लेखा परीक्षण गर्नेलाई बेरुजु हुनबाट झुक्याउन झुट्टा खरिद आदेश, दाखिला प्रतिवेदन तयार गरे गराएको, जिन्सी खाता लगायतका अभिलेख वदनियतपूर्वक राखेको राख्न लगाएको तथ्य पुष्टि भई रहेको अवस्थामा उक्त तथ्य प्रमाणलाई ग्रहन नगरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ। श्री शंकर जनता माध्यमिक विद्यालयलाई ICT ल्याब व्यवस्थापन शीर्षक अन्तर्गत आ.व. २०७९/०८० मा रु.६,५०,०००।-(अक्षरेपि छ लाख पचास हजार

					रूपैंया मात्र) रकम प्राप्त भएकोमा School Software र AVR Stand वापतको जम्मा रु.१,२४,६५२।६५(अक्षरेपि एक लाख चौबिस हजार छ सय बाउन्न रूपैंया पैसाठी पैसा मात्र) बराबरको सामान फेला नपरेको तथ्य मिशिल संलग्न स्थलगत सरजमिन मुचुल्काबाट देखिन्छ। आ.व २०७६/०७७ मा ICT ल्याव सम्वन्धी खरिद नै नगरेको सामान खरिद गरेको भनी ६,५०,०००।-खर्च देखाएको देखिन्छ। यसै गरि आ.व २०७८/०७९ मा खरिद भएको ICT ल्याव सम्वन्धी सामाग्री मध्य प्रोजेक्टर नदेखिएकोले सो वापतको रकम रु. रु.८७,५००।—गरि जम्मा रु.८,६२,१५२.६५।- हिनामिना हानिनोक्सानी दुरुपयोग गरेको तथ्य मिसिल संलग्न विदेह नगरपालिका, धनुषाबाट विभिन्न मितिमा प्राप्त हुन आएको विवरण तथा कागजपत्र, सोधपुछ कागजको क्रममा बुझिएका मानिसहरूले खुलाई लेखाएको तथ्य, श्री शंकर जनता माध्यमिक विद्यालयका मा.वि शिक्षकहरू भाग्य नारायण ठाकुर, नि.मा.वि. असेश्वर कुमार मुखिया, प्रा.वि. राहत शिक्षक ओम प्रकाश ठाकुर र (नि.मा.वि.) नगर शिक्षक श्रवण सहनीले गरेको बयान, प्रतिवादीहरुको बयान कागज, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट तयार भएको सरजमिन मुचुल्काहरू, श्री शंकर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक धनिक लाल ठाकुरले मिति २०७८/११/२३ मा विदेह नगरपालिकामा पेश गरेको प्रतिवेदन, श्री शंकर जनता माध्यमिक विद्यालयवाट प्राप्त बिल भौचर, कोटेशन, निर्णयहरू तथा अन्य पत्रहरू लगायतका प्रमाण कागजातहरुवाट पुष्टि भईरहेको अवस्था देखिदा देखिदै उक्त तथ्य एवं प्रमाणहरुलाइ ग्रहण नगरि प्रतिवादीहरुले पछीबाट तयार गरेका प्रमाणहरुको आधारमा सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ। प्रमाण ऐन, २०३१ को दफा २० मा प्रचलित नेपाल कानून बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरि कुनै खास ठाँउ वा कार्यालयमा पेस गर्नु पर्ने कानूनी कर्तब्य भएका ब्यक्तिले आफनो कर्तब्य पालनको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ।सोही ऐनको दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ बकपत्र गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा स्थलगत नापजाँच गरि प्राविधिक प्रतिवेदन गर्ने प्रतिवेदकहरु सव इन्जिनियर कुमार गुरुङ समेतले अदालतमा उपस्थित भई आफ्नो प्रतिवेदनलाइ सोधपुछ

					जिरह प्रक्रियाबाट पुष्टि हुने गरी बकपत्र गरेको देखिदा Cross Examination बाट पुष्टि भएको प्रमाणलाई ग्रहण नगरि विश्वासनीयताको आत्मगत तर्क गरि भएको फैसला नेपाल सरकार वि. वैद्यनाथ पण्डित भएको ने.का.प. २०६४ वैशाख, अंक १, नि.नं. ७८०९ मुद्दामा प्रतिपादित सिद्धान्त विपरीत भएकोले बदरभागी छ। सार्वजनिक खरिद कानूनको मूल मर्म सार्वजनिक विश्वास (Public Trust Doctrine) को सिद्धान्त तथा सार्वजनिक पदाधिकारीको जवाफदेहिताको सिद्धान्त अनसुार सार्वजनिक निकायले बोलपत्रमा उल्लेख गरिएको प्राविधिक मापदण्डको अक्षरश पालना गर्नुपर्ने हुन्छ। बोलपत्रमा स्पष्ट रुपमा के, कुन सामाग्री के, कसरी माग गर्ने स्पष्ट नदेखिएको र के, कुन ब्राण्ड तथा मोडेलका कम्प्युटर खरिद गरिएको हो स्पष्ट नभई उक्त सामानहरु बिग्रने तथा मर्मत सम्भार हुने प्रकृतिको रहेको, सो सामानहरु मर्मतका लागि अन्यत्र लानु पर्ने अवस्थालाई अन्यथा भन्न मिल्ने देखिदैन भन्ने तथ्य स्वयम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को उद्देश्य र कानूनी व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ। यस्तो अवस्थामा अदालतले खरिद प्रक्रिया र खरिद गरिएको वस्तु वास्तवमै स्पेशिफिकेशन अनुरुप थियो वा थिएन, खरिद गरिएका कम्प्युटरहरु कुन ब्राण्ड मोडेलका हुन भन्ने जस्ता सारभूत (Substance Over Form) प्रश्नको गहन परीक्षण गर्नुपर्नेमा सो तर्फ अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला त्रुटिपुर्ण हुदाँ बदरभागी छ।